फागुन, २०७९

# सिकाइ आपूरण र द्रुत सिकाइ सहयोगसम्बन्धी कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तह

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज न. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तालिमको सक्षमता | १ |
| ३. | तालिमको विषयवस्तु | १ |
| ४. | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५. | तालिम मूल्याङ्कन | ४ |
| ६. | कार्ययोजना र प्रतिबद्धता | ४ |

**१. परिचय**

शिक्षाले विद्यार्थीलाई स्वस्थ, उत्पादनशील, अर्थपूर्ण जीवन बिताउन आवश्यक पर्ने सिपहरू प्रदान गर्नुपर्दछ । बदलिँदो परिवेश अनुकूलन नवप्रर्वतन गर्दै प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षाका लागि प्रतिबद्धता अत्यावश्यक छ । विद्यार्थीमा महामारीको कारणले देखिएको शैक्षिक र मनोसामाजिक प्रभावको क्षति कम गर्न प्रत्येक विद्यार्थीको आवश्यकता र स्तरअनुकूल सिकाइ आपूरण योजनाको कार्यान्वयन जरूरी छ । विश्व बैङ्कले सन् २०१८ मा प्रकाशन गरेको सिकाइ सङ्कटसम्बन्धी प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालका कक्षा २ मा अध्ययनरत झण्डै ३८ प्रतिशत विद्यार्थीले सामान्य पढाइ वा गणितीय क्रियाकलाप गर्न नसकेको कुरा देखाएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१८ मा गरेको कक्षा ५ का विद्यार्थीको राष्ट्रिय उपलब्धिको परीक्षणअनुसार नेपाली विषयमा २० प्रतिशत विद्यार्थीले निर्धारित पाठ्यक्रमको १८ प्रतिशत अंश र गणित विषयमा निर्धारित पाठ्यक्रमको ५ प्रतिशत अंशमात्र हासिल गरेको देखाएको छ । अर्थात त्यति प्रतिशत विद्यार्थी न्यून स्तरभन्दा पनि तल रहेका छन् । कोभिड-१९, भूकम्पलगायतका अन्य असहज परिस्थितिले बालबालिकाको सिकाइ सक्षमता र मनोसामाजिक अवस्थामा पारेको असर सम्बोधन गर्नका लागि सिकारुको सिकाइ स्तर पहिचान गरी सिकाइ आपूरणका लागि तदनुरुपको आधारभूत तहमा शिक्षण गर्ने शिक्षकहरूको पेसागत विकासका लागि यो पाँच दिने कस्टमाइज्ड तालिम पाठ्यक्रम विकास गरिएको छ ।

**२. तालिमको सक्षमता**

यो तालिमपश्चात् सहभागी शिक्षकहरू निम्न कार्यहरूमा सक्षम हुने छन् :

(क) सिकाइ क्षति (Learning loss) र सिकाइ आपूरण (Learning recovery) को अवधारणा बोध
(ख) विद्यार्थीको सिकाइ क्षति यकिन गर्न प्रयोग गर्न सकिने उपयुक्त साधनहरूको परिचय र प्रयोग
(ग) विद्यार्थी सिकाइ स्तरको अभिलेखीकरण र वर्गीकरण सिप विकास
(घ) सिकाइ क्षतिको आपूरणका लागि उपयुक्त रणनीति तथा क्रियाकलापहरूको विकास र नियमित शिक्षण सिकाइको क्रियाकलापहरूमा समायोजन
(ङ) द्रुत सिकाइ सहयोगका लागि शैक्षणिक रणनीतिहरूको पहिचान र प्रयोग

**३. तालिमको विषयवस्तु**

| क्र.स. | विषयवस्तु | सत्र |
|---|---|---|
| १. | सिकाइ क्षतिको अवधारणा<br>● सिकाइ क्षतिको परिचय | २ |

| | | |
|---|---|---|
| | • विश्व परिवेशमा सिकाइ क्षतिको अवस्था र सन्दर्भ<br>• नेपालको परिवेशमा सिकाइ क्षतिको अवस्था र सन्दर्भ<br>• ReAL plan र SOP को परिचय | |
| २. | सिकाइ स्तर पहिचान गर्नका लागि साधनको प्रयोग<br>• साधनको परिचय<br>• साधनको प्रयोग | २ |
| ३. | विद्यार्थी सिकाइ स्तरको अभिलेखीकरण, वर्गीकरण र विषयवस्तु छनोट<br>• साधनको प्रयोग गरी विद्यार्थीको सिकाइ स्तर परीक्षण (विद्यालय भ्रमण)<br>• विद्यार्थीको सिकाइ स्तरको अभिलेखीकरण र अनलाइन रिपोर्टिङ<br>• सिकाइ स्तरको आधारमा विद्यार्थीको वर्गीकरण<br>• विद्यार्थीको नतिजाका आधारमा विषयवस्तु छनोट | ३ |
| ४. | सिकाइ आपूरणका लागि योजना र कार्यान्वयन<br>• सिकाइ आवश्यकताका आधारमा उपचारात्मक शिक्षण सिकाइका रणनीति तथा क्रियाकलाप पहिचान, छनोट र प्रयोग<br>○ विद्यार्थी मेन्टरिङ र सहपाठी सिकाइ<br>○ स्वनिर्देशित सिकाइ<br>○ क्रमिक सिकाइको रणनीति<br>○ परियोजनामा आधारित सिकाइ<br>○ असमकालिक सिकाइ<br>○ टोल शिक्षा<br>○ घरमा आधारित सिकाइ सहयोग<br>○ विद्यार्थीको सिकाइको स्तरअनुसार शिक्षण<br>○ SOPG मा उल्लिखित क्रियाकलापहरु<br>○ शिक्षकले सान्दर्भिक ठानेका अन्य क्रियाकलाप<br>• विद्यार्थीको वर्गीकृत समूहका आधारमा क्रियाकलाप कार्यान्वयन योजना<br>• छनोट गरिएको क्रियाकलापको कार्यान्वयन<br>• क्रियाकलाप कार्यान्वयनको अवधिमा मध्यावधि/सुधारात्मक मूल्याङ्कन र आवश्यकताअनुसार क्रियाकलाप परिमार्जन र कार्यान्वयन<br>• पश्च मूल्याङ्कन र नतिजाका आधारमा विद्यार्थीहरूको पुनवर्गीकरण | ६ |

| | | |
|---|---|---|
| | • विद्यार्थीको सिकाइ अवस्थाका सम्बन्धमा वैयक्तिक रुपमा अभिभावकसँग अन्तर्क्रिया | |
| ५. | द्रुत सिकाइका रणनीतिहरूको पहिचान र प्रयोग<br>• द्रुत सिकाइका रणनीतिहरूको पहिचान<br>• द्रुत सिकाइका रणनीतिहरूको प्रयोगको तरिका | २ |
| जम्मा | | १५ |

**४. तालिम कार्यान्वयन कार्यविधि**

यो तालिम सञ्चालनका लागि तल दिइएका कार्यविधिहरू अबलम्बन गरिने छन् ।

**(क) तालिम अवधि**

यो तालिम पाँच दिन अवधिको हुने छ । जम्मा १५ ओटा सत्रहरू हुने छन् । हरेक दिन तीनओटा सत्रहरू हुने छन् र हरेक सत्रको अवधि १ घण्टा ३० मिनेटको हुने छ ।

**(ख) लक्षित समूह**

आधारभूत तहमा शिक्षण गर्ने शिक्षकहरू यो तालिमका सम्भाव्य सहभागीहरू हुन् । स्थायीबाहेकका अन्य शिक्षकहरूले पनि यो कोर्समा सहभागी हुन सक्ने छन् र यो तालिम बढुवा प्रयोजनका लागि उपयोग हुने गरी प्रमाणीकरण गरिने छैन ।

**(ग) तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया**

- यस तालिमको कार्यान्वयन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ ।
- प्रदेश शिक्षा तालिम केन्द्र वा शिक्षा विकास तथा समन्वय इकाइ वा स्थानीय तहका अलावा तालिम प्रदायक अन्य सङ्घसंस्थाले यस विषयवस्तुसम्बन्धी शिक्षक तालिम सञ्चालन गर्दा यो पाठ्यक्रमको प्रयोग गर्न सक्ने छन् ।

**(घ) तालिम सहजीकरण**

यो तालिम पाठ्यक्रममा आधारित प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरूले यी सत्रहरूको सहजीकरण गर्ने छन् । सहजकर्ताहरू वा प्रशिक्षकहरूको छनोट शिक्षक पेसागत विकास कार्यढाँचा, २०७२ मा तोकिएका मापदण्डबमोजिम गरिने छ । यी सत्रहरूको सहजीकरणका क्रममा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई जोड दिइने छ । सत्रहरूको सहजीकरणका लागि आवश्यक पर्ने सबै तालिम सामग्रीहरू पहिल्यै व्यवस्था गर्नुपर्ने छ । तालिम सञ्चालनका क्रममा सहभागितामूलक विधि अपनाइने छ । तालिम सञ्चालनका लागि देहायको तालिम ढाँचा अबलम्बन गरिने छः

- **संलग्नता (Engagement)** : प्रशिक्षार्थी शिक्षकहरूले पिडिएफ फर्म्याटमा रहेका पठन सामग्रीहरू, प्रस्तुतीकरणका स्लाइडहरू, वेब लिङ्कहरू, वर्कसिटहरू, टेम्प्लेटहरू, श्रव्य तथा दृश्य सामग्रीहरू, सत्रका विषयवस्तुहरूसँग सम्बन्धित प्रश्न तथा जिज्ञासाहरू तालिम सञ्चालन हुनुभन्दा पहिल्यै प्राप्त गर्ने छन् । सहभागीहरूले सामग्रीको अध्ययन गरी बुँदागत/डायरी व्यवस्थापन गर्ने छन् । यो चरणको लक्ष्य प्रशिक्षार्थी शिक्षकहरूलाई स्वनिर्देशित शिक्षार्थीहरूका रूपमा विकास गर्नु हो । यो चरणले प्रशिक्षार्थी शिक्षकहरूको अनुकूलन क्षमता र पेसागत लचिलोपन/उत्थानशीलताको पनि विकास गर्ने अपेक्षा गर्छ ।

- **सहकार्य (Collaboration)** : संलग्नताको चरणमा सहभागीले प्राप्त गरेका सामग्रीको अध्ययनपश्चात् डायरी व्यवस्थापनमा उल्लेख भएका विषयवस्तुमा प्रस्तुतीकरण गरिने छ । साथै निर्धारित सत्रको विषयवस्तुको बारेमा सहजकर्ताबाट सहभागितामूलक ढङ्गबाट सञ्चालन गरिने छ ।

- **प्रयोग (Application)** : तालिम सत्रहरूमा छलफल, प्रस्तुतीकरणबाट प्राप्त ज्ञान तथा सिपलाई कक्षाकोठामा विद्यार्थी सिकाइका लागि कार्यान्वयन गरिने छ ।

माथि उल्लिखित तालिम सञ्चालनको ढाँचाअन्तर्गत देहायबमोजिमका तालिम सञ्चालनका विधिहरू अवलम्बन गरिने छ :

- समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू
- स्वाध्ययन विधि
- अनुसन्धानात्मक विधि
- प्रतिबिम्बात्मक विधि
- परियोजना विधि
- दूर सिकाइ विधि
- अन्तर्क्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- अवलोकन विधि
- समस्या समाधान विधि

**५. तालिम मूल्याङ्कन**

तालिमको गुणस्तर मूल्याङ्कनका लागि तालिम सञ्चालनकै क्रममा मूल्याङ्कनका अनुभव आदानप्रदान, प्रश्नोत्तर लगायतका विविध साधनहरूको उपयोग गरेर सहभागीहरूको कार्यसम्पादन र संलग्नता मूल्याङ्कन गरिने छ । तालिम समाप्तिपश्चात् सहभागीहरूलाई तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिने छ ।

**६. कार्य योजना र प्रतिवद्धता**

- तालिममा सिकेका ज्ञान र सिपहरूमा आधारित भएर सहभागी शिक्षकहरूले उनीहरूको विद्यार्थीको सिकाइ क्षति मापन गरी सिकाइ आपूरणका क्रियाकलापहरू गर्ने गरी कार्ययोजना बनाउनुपर्ने छ ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- सहभागीहरूले उक्त कार्य योजना कार्यान्वयन गर्नका लागि तालिम प्रदायक संस्था/प्रशिक्षक समक्ष प्रतिबद्धता गर्नुपर्ने छ र शिक्षकहरूले त्यस्तो प्रतिबद्धता आआफ्नो विद्यालयमा समेत बुझाउनुपर्ने छ ।

ΩΩΩ